**अनुसूची- २**

(दफा ४ तथा अनसूची–१ को भाग–२ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : २ प्रमाणीकरण मिति :- २०७७/०२/२८

प्रकाशन मिति :- २०७७/१०/२९

## भाग - २

## उपमेयर महिला सुरक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७

**प्रस्तावना** : आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडी परेका एकल महिला, मानसिक विचलन भएका महिला, दलित महिला, विपदमा परेका महिला, सुत्केरी तथा सुरक्षित आवास गृहमा रहेका महिला तथा वालिकाहरुलाई विशेष प्राथमिकता दिदै आर्थिक सशक्तीकरण र सामाजिक रुपान्तरण, महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागी निरोधात्मक, संरक्षणत्मक उपायद्धारा न्यायमा पहुँच अभिवृद्धिका लागी उपमेयर महिला सुरक्षा कोष संचालन गर्न वाञ्छनीय भएकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी भजनी नगरपालिका नगर कार्यपालिकाको कार्यालयले यो कार्याविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यी कार्यविधिको नाम "भजनी नगरपालिका उपमेयर महिला सुरक्षा कोष (संचालन) कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले भजनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) “कोष” भन्नाले नियम ३ बमोजिमको उपमेयर महिला सुरक्षा कोष संझनु पर्छ।

(ग) “पीडित महिला” भन्नाले विभिन्न प्रकारका हिंसाबाट पीडित वा प्रभावित महिला, आर्थिक तथा सामाजिक रुपमा विपन्न महिला, विपन्न दलित महिला, विपन्न एकल महिला, प्राकृतीक विपदबाट प्रभावित महिला, मानसिक विचलन भएका महिला, तथा असहाय, विपन्न सुत्केरी महिला, संझनु पर्छ।

(घ) “सञ्चालक समिति” भन्नाले नियम ८ बमोजिमको संचालक समिति संझनु पर्छ।

(च) “महिला हिंसा” भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत महिला भएकै कारणले महिला माथि हुने विभिन्न प्रकारका हिंसा सम्झनु पर्छ।

(छ) “डिगीनीटी किट” भन्नाले महिला, वालिकाहरुलाई आवश्यक पर्ने दैनिक प्रयोगका सामानहरु सम्झिनु पर्छ।

(ज) “सुत्केरी मसला” भन्नाले सुत्केरी महिलालाई आवश्यक पर्ने पौष्टिक आहार सम्झिनु पर्छ।

**<u>३. कोषको स्थापना</u> :** (१) उपमेयर महिला सुरक्षा कोष नामको एक कोष स्थापना गरिएको छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) भजनी नगरपालिका बाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपनियम (१) बमोजिमको रकम भजनी नगरपालिकाको स्थानीय तह विभिध कोष खातामा जम्मा गरिनेछ।

**<u>४. कोषको उपयोग :</u>** दफा २ (ग) बमोजिमको महिला तथा वालिकालाई देहायको कामको लागी सहयोग उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार, राहत, पर्नस्थापना तथा औषधी उपचार गर्न आर्थिक सहयोग उपलब्ध गराउने,
(ख) सिप तथा व्यवसायमुलक तालिम प्रदान गर्न।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनासामाजिक परामर्श सेवा प्रदान गर्न,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(ङ) सरक्षीत आवास गृहमा रहेका हिंसा पिडित महिला, वालिकाहरुका लागी उद्धार, राहत, पर्नस्थापना तथा औषधी उपचार गर्न आर्थिक सहयोग गर्न, कानूनी सहायता, सिपमुलक तालिम प्रदान गर्न, मनोवैज्ञानिक उपचार तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्न।

(च) असहाय, विपन्न सुत्केरी महिलाको लागी डिगीनीटी किट र सुत्केरी मसला उपलब्ध गराउन ।

(छ) प्रकृतीक विपदमा परेका महिलाको लागी डिगीनीटी किट उपलब्ध गराउन ।

(झ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।

**५. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम दफा ४ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**६. कार्यालयले रकम उपलब्ध गराउने :** दफा ४ बमोजिमको सहयोग उपलब्ध गराउन सञ्चालक समितिको निर्णयानुसार कार्यालयले नियामानुसार रकम उपलब्ध गराउनेछ ।

**७. सञ्चालक समितिको गठन :** (१) दफा ४ बमोजिमको विषयमा पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) नगर उप प्रमुख | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ख) प्रमुख, इलाका प्रहरी कार्यालय | सदस्य |
| (ग) कार्यपालिकाले तोकेको नगर सभा सदस्य (महिला १ जना) | सदस्य |
| (घ) महिला संरक्षको क्षेत्रमा कार्यरत स्थानीय तहमा रहेका गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना | सदस्य |
| (ङ) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य- सचिव |

(३) उपनियम (२) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय कार्यालयमा रहनेछ ।

(५) सञ्चालक समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. सञ्चालक समितिको काम, कर्तब्य र अधिकार :** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गर्ने, गराउने,

(ख) कोषको रकम उपयोग गर्न सिप तथा व्यवसायमुलक तालिम सम्बन्धी कार्याक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने ।

(ग) स्वीकृत कार्यक्रमको लागी कोषको परिचालन गर्ने, गराउने ।

(घ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको तथा स्विकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउन

(ङ) स्थानीय तहमा रहेका महिला हक अधिकार संरक्षण र सर्म्बद्धनका क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने, गराउने ।

(च) महिला सुरक्षा तथा विकास र सम्बृद्धीको लागी स्थानीय स्तरमा जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने गराउने ।

**९. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ, यसरी उपलब्ध गराउदा दोहोरो नपर्ने गरि अनुदान सहयोग उपलब्ध गराउनुपर्ने छ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिने ।

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च ,अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि निजको अवस्था हेरी बढीमा १० हजार रुपैयाँमा नबढ्ने आर्थिक सहयोग उपलब्ध गराउने ।

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा २० हजार रुपैया,

(ङ) पुनर्स्थापना केन्द्रमा राख्नु वा पठाउनु पर्ने भएमा बढीमा २० हजार रुपैयाँ,

(च) प्रकृतीक विपदमा परेका असहाय, एकल,विपन्न महिलाको लागी डिगीनीटी किट तथा सुत्केरीको लागी सुत्केरी मसला उपलब्ध गराउन प्रतिव्यक्ति सात हजारमा नबढ्ने गरि उपलब्ध गराउनु पर्नेछ ।

(छ) सञ्चालक समितिको निर्णय बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा २० हजार रुपैयाँ ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ ।

**१०. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले दफा ४ बमोजिमको जुनसुकै शिर्षकमा सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस सहित भजनी नगरपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक समितिले दफा ९ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**११. तत्काल रकम उपलब्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु १००००।-(रु. दश हजार मात्र) नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी संचालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने सञ्चालक समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१२. थप रकम निकासा माग गर्न सक्ने :** (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चाक समितिले थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा नगरपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१३. खाता संचालन :** (१) नगरपालिका बाट प्राप्त भएको रकम कुनै बाणिज्य बैंकमा स्थानीय तह विविध कोष खातामा जम्मा गरि खर्च गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१४. कोषको लेखा र लेखा परिक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**<u>१५. रकम फ्रिज नहुने</u>** : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्यमा बाँकी रहेमा अन्त्यमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**<u>१६. प्रतिवेदन पेश गर्ने:</u>** (१) राहत समितिले प्रत्येक ४ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिका लाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**<u>१७. बैठक भत्ता:</u>** सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगरकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**<u>१८. निर्देशन दिन सक्ने</u>** : (१) कार्यपालिकाले सञ्चालक समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**१९. संशोधन गर्न सक्ने** : यस कार्यविधिको मुल अर्थमा प्रतिकुल असर नपर्ने गरि कार्यपालिकाले आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत